# जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट प्रदान गरिने सेवा प्राप्त गर्न आवश्यक कागजातहरु

१. वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तीका लागि आवश्यक कागजातहरु:

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-१ बमोजिमको ढाँचाको फाराम,
- बाबु, आमाको नागरिकताको प्रमाणपत्र वा सो नभए आफ्नो वंशतर्फ तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,
- जन्मदर्ता प्रमाणपत्र (जन्ममिति र जन्मस्थान खुल्ने गरी),
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी (नाम, थर र जन्ममिति खुल्ने),
- अनुसूची फाराममा टाँस भए बमोजिमको फोटो २ प्रति (फोटो हालसालै खिचेको सादा Background भएको हुनुपर्ने)।

⁎ नागरिकताको प्रमाणपत्र नलिदै विवाह भएकी नेपाली महिलाको हकमा थप कागजात:

- विवाह दर्ता प्रमाणपत्र,
- पति वा ससुराको नागरिकताको प्रमाणपत्र,
- पति, सासु वा ससुरा वा जेठाजु वा देवरमध्ये कसैको सनाखत र सनाखत गर्नेको नागरिकताको प्रमाणपत्र।

⁎ बाबु, आमा वा विवाहिताको हकमा पति बाहेक अन्य व्यक्ति (आफ्नो तीन पुस्ताभित्रको नातेदार) सनाखत गर्न उपस्थित हुने भए थप कागजात:

- निवेदक र सनाखत गर्ने व्यक्तिबीचको फोटो सहितको नाता प्रमाणित कागजात,
- निवेदक र सनाखत गर्ने व्यक्तिबीचको तीन पुस्ते विवरण खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरेको किटानी सिफारिस,
- सनाखत गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र।

⁎ अन्य जिल्लाबाट बसाईंसराइ आएकाको हकमा बसाईंसराइ प्रमाणपत्रको प्रतिलिपी समेत ।

⁎ कर्मचारी परिवारको नाताले नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि:

- अनुसूची-१ बमोजिमको ढाँचामा दुई प्रति निवेदन,
- निवेदकको बाबु, आमाको नेपाली नागरिकताको प्रमाणपत्र,
- जन्मदर्ता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र,
- कर्मचारीको परिचयपत्रको प्रतिलिपी,
- कर्मचारी कार्यरत रहेको कार्यालयको प्रमुखबाट सिफारिस गरिएको पत्र,
- विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाणपत्र।

२. <u>नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको हकमाः</u>

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-१ बमोजिमको ढाँचाको फाराम (अनुसूचीको बाबुको नाम, थर महलमा पहिचान नभएको उल्लेख गर्ने),
- जन्मदर्ता प्रमाणपत्र (जन्ममिति र जन्मस्थान खुल्ने गरी),
- आमाको नागरिकताको प्रतिलिपी, मृत्यु भएकाको हकमा मृत्युदर्ता प्रमाणपत्र,
- शैक्षिक योग्यताको प्रमाणपत्र (नाम, थर र जन्ममिति खुल्ने),
- आमा र सन्तान बीचको फोटो सहितको नाता प्रमाणित (आमाको मृत्यु भएको हकमा संरक्षकसँगको नाता प्रमाणित),
- निवेदकको आमाको नाममा रहेको जग्गाधनी प्रमाण पूर्जा,
- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी रुपमा बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको भनी स्थानीय तहले गरेको किटानी सिफारिस,
- जन्मस्थान, जन्ममिति र सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास गरिआएको खुल्ने गरी स्थानीय तहले गरिदिएको सिफारिस,
- निवेदक र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा (अनुसूची ४क. र ४ख.)

३. <u>नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको हकमाः</u>

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-१ बमोजिमको ढाँचाको फाराम,
- जन्मदर्ता प्रमाणपत्र,
- शैक्षिक योग्यताको प्रमाणपत्र (जन्ममिति खुल्ने गरी),
- बालमन्दिर वा अनाथालय जस्ता संस्थामा हुर्केका भए यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस, उक्त संस्थाको प्रमुख नागरिकताको प्रमाणपत्र सहित सनाखतका लागि उपस्थित हुनुपर्ने।
- कानूनी संरक्षकद्वारा हुर्काइएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस।
- अन्य तरिकाले हुर्केको भए जसको संरक्षकत्वमा हुर्केको हो सो खुलाई सम्बन्धित स्थानीय तहको सिफारिस, संरक्षकको नागरिकताको प्रमाणपत्र सहित सनाखतका लागि उपस्थित हुने।

प्रशासकीय अधिकृत

४. <u>जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानको नागरिकता प्राप्तीका लागिः</u>

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-१ बमोजिमको ढाँचाको फाराम,
- बाबु र आमाको नेपाली नागरिकताको प्रतिलिपी, मृत्यु भएको हकमा मृत्युदर्ता प्रमाणपत्र,
- जन्मदर्ता प्रमाणपत्र (जन्ममिति र जन्मस्थान खुल्ने गरी),
- बाबु, आमाको विवाह दर्ता प्रमाणपत्र,
- शैक्षिक योग्यताको प्रमाणपत्र,
- निवेदकको बाबु, आमा र निवेदकबीचको फोटो सहितको नाता प्रमाणित,
- निवेदकको बाबु वा आमाको नाममा रहेको जग्गाधनी प्रमाण पूर्जा,
- स्थानीय तहले नेपालमा जन्म भई निरन्तर रुपमा नेपालमा बसोबास गरिरहेको भनी गरिदिएको किटानी सिफारिस,
- अन्य तोकिएको कागजात, स्थायी लेखा नम्बर, व्यवसाय दर्ता प्रमाणपत्र, २०६३ को नागरिकता टोलीले नाबालक दर्ता गरेको भए सो को निस्सा,
- मिति २०८०।०३।१२ देखि वडा कार्यालयबाट प्रमाणित भएको नागरिकताको अनुसूची फाराम मात्र मान्य हुने।

५. <u>वैवाहिक अङ्गिकृत (नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाको) नागरिकता प्राप्तीका लागिः</u>

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-७ बमोजिमको ढाँचाको फाराम,
- निवेदकको पतिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- विवाहदर्ता प्रमाणपत्र,
- निवेदक विदेशी नागरिक रहेको प्रमाण,
- निवेदकको विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा वा विदेशी नागरिकता परित्याग गरेको प्रमाण,
- निवेदक, निजको पतिबीचको फोटो सहितको नाता प्रमाणित,
- निवेदकको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय तहले नागरिकताका लागि गरिदिएको किटानी सिफारिस,
- तोकिए बमोजिमको शपथ।

प्रशासकीय अधिकृत

६. <u>विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा:</u>

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची-७ बमोजिमको ढाँचाको फाराम,
- आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, मृत्यु भएको भए मृत्युदर्ता,
- जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति र जन्मस्थान खुल्ने गरि स्थानीय तहको सिफारिस,
- नेपालमा स्थायी बसोबास गरेको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस,
- निवेदकको आमाको विवाह दर्ता र पारिवारिक विवरण खुल्ने कागजात,
- निवेदकको आमा र निवेदकबीचको फोटो सहितको नाता प्रमाणित,
- सम्बन्धित वडाको किटानी सिफारिस,
- बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता नलिएको भनी अनुसूची-७क. बमोजिमको स्वघोषणा।

७. <u>गैर आवासीय नेपाली नागरिकता प्राप्तीका लागि:</u>

विवाहिता महिलाको हकमा जुन जिल्लाबाट शुरुमा नागरिकता जारी भएको हो सोही जिल्लाको जिल्ला प्रशासन कार्यालयमा, बसाइसराई भएकाको हकमा बसाइसरी आएको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा, कर्मचारी परिवारको नाताले नागरिकता लिएकाको हकमा नेपालमा स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने।

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची ८ ग. बमोजिमको ढाँचाको फाराम,
- सम्बन्धित व्यक्तिले साविकमा नेपाली नागरिकता लिएको भए सो नागरिकता परित्याग गरेको प्रमाण,
- विदेशी मुलुकको नागरिकता भएको प्रमाण:

  १. विदेशी मलुकको नागरिकता    २. राहदानी
- सार्क सदस्य राष्ट्रबाहेकको देशमा बसोबास गरेको प्रमाण,
- नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धता: अनुसूची ८घ. बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची ८च. बमोजिमको शपथ,
- नेपालमा रहेको तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र सनाखतको लागि उपस्थित।
- यदि निवेदकले साविकमा नेपाली नागरिकता प्राप्त नगरी आफ्नो बाबु, आमा, बाजे वा बज्यैमध्ये कसैको आधारमा निवेदन दिएको भए हालसम्म नेपाली नागरिकता नलिएको स्वघोषणा पत्र, जसको आधारमा नागरिकता माग भएको हो सो व्यक्ति हाल स्थायी बसोबास गरेको/साविकमा स्थायी बसोबास गरेको नेपाली नागरिक रहेको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस र निजसँगको नाता प्रमाणित कागजात।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**यदि गैर आवासीय नागरिकता प्राप्तीका लागि निवेदन दिने व्यक्तिले साविकमा नेपाली नागरिकता लिएको भए सो नागरिकता परित्याग गर्न आवश्यक कागजातहरु:**

जुन जिल्लाबाट नेपालको नागरिकता जारी भएको हो सोही जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दिने।

- नागरिकता त्याग गर्नु पर्नाको कारण सहितको व्यहोरा खुलाई अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन (निवेदकले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दिने),
- नेपाली नागरिकता र नेपाली राहदानीको सक्कल प्रति,
- विदेशको नागरिकता भएको प्रमाण (सम्बन्धित मुलुकको नागरिकता र राहदानीको प्रति)

८. **नागरिकताको प्रतिलिपीको लागि**

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची फाराम,
- पुरानो/झुत्रो नागरिकता भए सक्कलै नागरिकता वा नागरिकताको प्रतिलिपी,
- पुरानो नागरिकताको प्रतिलिपी नभए नागरिकता नम्बर खुल्ने अन्य कागजातहरु (मतदाता परिचयपत्र, जग्गाधनी प्रमाण पूर्जा, आदि समेत पेश गर्नुपर्ने),
- अनुसूची फाराममा टाँस भएको फोटो २ प्रति (फोटो हालसालै खिचेको सादा Background भएको हुनुपर्ने) ।

**पतिको नाम थर, वतन कायम गर्न:**

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची फाराम,
- सम्बन्धित व्यक्तिको नागरिकताको सक्कलै नागरिकता वा सो नभए नागरिकताको प्रतिलिपी,
- विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी,
- पतिको नागरिकताको प्रतिलिपी,
- निवेदक र निजको पतिको तीन पुस्ते विवरण र वैवाहिक सम्बन्ध खुल्ने गरी पतिको नाम थर र वतन कायम गरिदिन सम्बन्धित स्थानीय तहले गरिदिएको किटानी सिफारिस,
- अनुसूची फाराममा टाँस भएको फोटो २ प्रति (फोटो हालसालै खिचेको सादा Background भएको हुनुपर्ने) ।

* सनाखतका लागि निवेदकको पति वा पतितर्फको तीन पुस्ताभित्रको नातेदार उपस्थित हुनुपर्ने। निवेदकको पति वाहेक तीन पुस्ताभित्रको अन्य नातेदार सनाखतका लागि उपस्थित हुने भए निजसँगको सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको फोटो सहितको नाता प्रमाणित कागजात र सनाखतका लागि गरिदिएको सिफारिस।

प्रशासकीय अधिकृत

**पतिसँग सम्बन्ध विच्छेद भई पतिको नाम थर, वतन हटाई नागरिकताको प्रतिलिपी लिनः**

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसुची फाराम,
- सम्बन्धित व्यक्तिको नागरिकताको सक्कलै नागरिकता वा सो नभए नागरिकताको प्रतिलिपी.
- अदालतबाट भएको सम्बन्ध विच्छेदको फैसला,
- सम्बन्धित स्थानीय तहमा गरेको सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र,
- सम्बन्धित स्थानीय तहले निवेदकको पूर्व पतिको नाम थर, वतन हटाई बाबुको नाम थर र वतन कायम गरि नागरिकताको प्रतिलिपी जारी गर्न गरिदिएको किटानी सिफारिस,
- निवेदकले पूर्व पतिको नाम थर, वतन हटाई बाबुको नाम थर र वतन कांयम गरि नागरिकताको प्रतिलिपी पाउन दिएको निवेदन,
- सनाखतका लागि निवेदकको बाबु, आमा वा निजको माईतीतर्फको तीन पुस्ता भित्रको नातेदार सनाखतका लागि उपस्थित हुनुपर्ने।

** नयाँ नागरिकता जारी गर्न तथा नागरिकताको प्रतिलिपीका सम्बन्धमा थप बुझ्नुपर्ने भएमा आवश्यकता अनुसार स्थानीय तहबाट थप विवरण बुझ्न सकिने तथा स्थलगत प्रहरी सरजमिन समेत गर्न सकिने ।*

९. **नाबालक परिचयपत्रका लागि आवश्यक कागजातहरु:**

- सम्बन्धित स्थानीय तहले फोटो सहित प्रमाणित/सिफारिस गरेको अनुसूची फाराम (अनुसूची फाराम अनिवार्य रुपमा नेपाली कागजको हुनुपर्ने),
- नाबालिगको जन्मदर्ता प्रमाणपत्र (जन्मस्थान र जन्ममिति खुल्ने गरी),
- बाबु र आमाको नागरिकताको प्रमाणपत्र,
- बाबु र आमाको विवाह दर्ताको प्रमाणपत्र,
- स्थानीय तहले फोटो सहितको नाता प्रमाणित गरी दिएको सिफारिस,
- अनुसूचीमा टाँस भए बमोजिमको पासपोर्ट साइजको फोटो ५ प्रति (फोटो हालसालै खिचेको सादा Background भएको हुनुपर्ने)।

**विदेशमा जन्म भएकाको हकमा थप कागजातः**

- जन्म भएको देशले जारी गरेको जन्मदर्ता प्रमाणपत्र (नेपाली राजदूतावास वा नियोगबाट प्रमाणित भई कन्सुलर विभागबाट प्रमाणित भई आएको),
- नाबालिग नेपाल आउँदा प्रयोग भएको बच्चाको एकतर्फी यात्रा अनुमतिपत्र/राहदानी र सो मा लागेको अध्यागमन कार्यालयको छाप सहितको राहदानीको प्रतिलिपी,
- नाबालकका साथमा आउने हकदार वा बाबु/आमाको अध्यागमन कार्यालयको छाप सहितको राहदानी/यात्रा अनुमतिपत्रको प्रतिलिपी।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**बाबुआमा दुबै विदेशमा भएकाको हकमा थप कागजात:**

- बाबु, आमाको राहदानीको प्रतिलिपी,
- नाबालिग परिचयपत्र बनाउन निवेदन दिने नजिकका हकदारसँगको नाता प्रमाणित पत्र
- नाबालकको बुबा र आमाको मञ्जुरीनामा,
- नाबालकसँग सनाखतका लागि आउने व्यक्तिको नागरिकताको प्रतिलिपी र नाबालकको निजसँगको नाता प्रमाणित कागजात।

**आमा बाबुको सम्बन्धविच्छेद भएकाको हकमा थप कागजात:**

- अदालतको प्रमाणित फैसला,
- स्थानीय तहमा पञ्जीकरण भएको सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपी।

**धर्मपुत्र/धर्मपुत्रीको हकमा थप कागजात:**

- अदालतद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने अनुमती भएको प्रमाण,
- धर्मपिता/धर्मआमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

## १०. राहदानीका लागि आवश्यक कागजातहरु

- राहदानीका लागि अनलाइन आवेदन फाराम (Online Application Form),
- नेपाली नागरिकताको प्रमाणपत्र,
- नेपाल बैंक लिमिटेड, चौतारा शाखामा जिल्ला प्रशासन कार्यालयको नाममा जम्मा गरेको रु. ५,०००।- को बैंक भौचर, नाबालकको हकमा रु. २,५००।- को बैंक भौचर,
- पुरानो राहदानीको अवधि (Expiry Date) समाप्त भई नवीकरण (Renew) गर्नेको हकमा पुरानो राहदानी समेत पेश गर्नुपर्ने,
- पुरानो राहदानी हराई (Lost) नयाँ बनाउने हकमा नेपाल बैंक लिमिटेड, चौतारा शाखामा जिल्ला प्रशासन कार्यालयको नाममा जम्मा गरेको रु. १०,०००।- को बैंक भौचर।

## ११. जनजाती/दलित/मधेशी प्रमाणितका लागि:

- सम्बन्धित व्यक्तिको निवेदन,
- जनजाती/दलित/मधेशी प्रमाणितका लागि सम्बन्धित स्थानीय तहको सिफारिस,
- सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र।

प्रशासकीय अधिकृत

१२. <u>नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा नाम, थर वा उमेर फरक परी प्रमाणित तथा सच्याउन निर्णय पर्चाका लागिः</u>

- सम्बन्धित व्यक्तिको निवेदन,
- सम्बन्धित स्थानीय तहले सम्पूर्ण व्यहोरा खुलाई गरिदिएको सिफारिस (सिफारिस जिल्ला प्रशासन कार्यालयलाई समेत सम्बोधन गरी लेखेको हुनुपर्ने),
- सम्बन्धित विद्यालयको सिफारिस,
- सम्बन्धित जिल्लाको जिल्ला शिक्षा समन्वय इकाईबाट गरिएको सिफारिस,
- सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र,
- S.E.E. को मार्कसिट (Grade Sheet) र चारित्रिक प्रमाणपत्र (Character Certificate) ।

प्रशासकीय अधिकृत

अनुसूची-

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
............................

| नाबालिगको दुबै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

विषयः नाबालिग परिचयपत्र पाउँ ।

महोदय,

मेरो निम्नानुसारको विवरण भएको नाबालिगको नाबालिग परिचयपत्र बनाउनु परेकोले सिफारिस साथ रु १०/- को हुलाक टिकट टाँसी यो निवेदन पेश गरेको/गरेकी छु । मेरो ..........................ले यस अघि नाबालिग परिचयपत्र लिएको छैन ।

१. नाबालिगको नाम, थरः- ...................................................

Full Name (In Block):- ...................................................

२. लिङ्गः

Gender:

३. जन्मस्थानः

Place of Birth (In Block):--------------------------------------------------------

४. बाबुको नाम, थरः

Father's Name (In Block):

५. आमाको नाम, थरः

Mother's Name (In Block):

६. संरक्षकको नाम, थरः

Guardian's Name (In Block):

७. स्थायी बासस्थानः जिल्लाः ..........गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.:................वडा नं.:......

Permanent Address:........................ R.M./M.P./Sub.Metropolitan City/Mertopolitan City:..........
Ward No.:..........

८. जन्म मितिः वि.सं.२०............साल..................महिना.........गते.....

Date Of Birth (AD):....................Year:......................Month:.................Date:.......

९. नाबालिगको औंठा छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मैले माथि लेखेको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी सही छाप गर्ने....

निवेदकः

दस्तखतः

नाम, थरः

नाता सम्बन्धः

मितिः

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिस

......................जिल्ला................................ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं........मा स्थायी बसोबास गरी बस्ने यसमा लेखिएका श्री..................................को छोरा/छोरी श्री..................................लाई म राम्ररी चिन्दछु ।माथि लेखिए बमोजिम निजको व्यहोरा मैले जाने बुझेसम्म ठीक साँचो हो । निजलाई नाबालिग परिचयपत्र प्रदान गरे फरक पर्नेछैन ।उल्लिखित विवरणहरु झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

कार्यालयको नामः.......................................कार्यालयको छाप

मितिः २०......................

सिफारिस गर्नेः

दस्तखतः

नाम, थरः

पदः

जिल्ला प्रशासन कार्यालय समक्ष भर्नेः

यसमा लेखिएका नाबालिग श्री.....................................................मेरो एकाघर संगोलका ..............................हुन । यस आवेदनमा लेखिएका सम्पूर्ण विवरण ठीक साँचो हो । निजलाई नाबालिग परिचयपत्र दिएमा कुनै फरक पर्नेछैन ।फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सनाखत गर्ने........

सनाखत गर्नेको औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सनाखत गर्नेको

नाम, थरः

नाता सम्बन्धः

नागरिकता नं.:

सम्पर्क नं.:

श्रीमान्

यसमा लेखिएका श्री ........................................लाई निम्न कागजातका आधारमा नाबालिग परिचय-पत्र प्रदान गर्ने निर्णयार्थ पेश गरेको छु ।

.............................
सनाखत गराई पेश गर्ने
नामः
पदः

.............................
सिफारिस गर्ने
नामः
पदः

.............................
सदर गर्ने
नामः
पदः